# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस २८ गते, २०८२ साल (संख्या ५७

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नेपाल बाहिर मुद्रा निकासी वा पैठारी गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) नेपाली र भारतीय नागरिकहरूले नेपालबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीका नेपाली सिक्का बाहेक अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली र भारतीय सिक्का करेन्सी नोट र बैङ्क नोट असीमित मात्रामा लैजान वा पठाउन सक्नेछन्।

तर भारतीय रुपैयाँ १०० दरभन्दा ठूला दरका नोट र नेपाली मुद्राको हकमा देहाय बमोजिम हुनेछ :-

(१) कसैले पनि सन् २०१६ नोभेम्बर ९ भन्दा अगाडि चलनचल्तीमा रहेका भारतीय रुपैयाँ ५०० र १००० दरका नोटको कारोबार गर्न पाइने छैन।

(२) सन् २०१६ नोभेम्बर ९ देखि निष्कासन भई चलनचल्तीमा रहेका भारतीय रुपैयाँ २०० र ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भारतीय रुपैयाँ २५,००० को सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान सक्नेछन्।

(३) नेपाली मुद्राको हकमा नेपाल राष्ट्र बैङ्कले तोकिदिएको सीमाभन्दा बढी र भारतीय मुद्राको हकमा भारत बाहेक अन्य मुलुकमा लैजान वा पठाउन पाइने छैन।

(ख) विदेशी विनिमय सटही कारोबार गर्ने इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाबाट कानून बमोजिम प्राप्त गरेको विदेशी मुद्रा नेपालबाट बाहिर लैजान वा पठाउन पाइनेछ।

(ग) विदेशी नागरिकको हकमा नेपाल राष्ट्र बैङ्कले तोकिदिएको सीमाभन्दा बढी विदेशी मुद्रा लैजान वा पठाउन परेमा निजले नेपाल प्रवेश गर्दा आफूसँग ल्याएको नगद विदेशी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्राको हकमा त्यस्तो विदेशी मुद्राको रकम भन्सार अधिकृत समक्ष घोषणा र प्रमाणित गरेको हुनु पर्नेछ।

(घ) कसैले यस सूचनाको बर्खिलाप काम कारबाही गरेमा विदेशी मुद्रा जफत हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**द्रष्टव्य** : खण्ड ६८ सङ्ख्या ४७, मिति २०७५।०९।२३ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

**आज्ञाले,**

**भूपाल बराल**

**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।